# प्राङ्गारिक खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७

**पृष्ठभूमी :**

प्राङ्गारिक खेतीको आबश्यकता, सम्भब्यता र प्राथामिकताको आधारमा भौगोलिक बिबिधता एबम् बिशिष्टताको सदुपयोग गर्दै ब्यबसायिक एंबम् प्रतिस्पर्धी प्राङ्गारिक खेती प्रणालीको बिकास गरी उत्पादन तथा उत्पादकत्व बृद्धि, आयत प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन, खाद्य तथा पोषण सुरक्षा, गरिबी न्युनिकरण र जिवनस्तर सुधारमा योगदान पुर्‍याउने वाञ्छनीय भएकाले,

माडी नगर कार्यपालिकाले यो कार्यबिधि बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यबिधिको नाम **"प्राङ्गारिक खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७"** रहेको छ ।

(२) यो कार्यबिधि माडी नगरपालिकाको नगर कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा : बिषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

(क) **समुह** भन्नाले माडी नगरपालिका कृषि शाखामा बिधिवत रुपमा दर्ता भएको कृषक समुह सम्झनु पदर्छ ।

(ख) **सहकारी संस्था** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पर्दछ ।

(ग) **फर्म, कम्पनि वा संस्था** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई संञ्चालनमा रहेका फर्म, कम्पनि वा संस्था सम्झनु पर्दछ ।

(घ) **समिति** भन्नाले यसै कार्यबिधिको दफा ६ बमोजिम गठित प्रस्ताब छनोट तथा मुल्याङ्कन समिति सम्झनु पर्दछ ।

(ङ) **प्राङ्गारिक खेती** भन्नाले रासायनिक बिषादी तथा पदार्थहरुको प्रयोग विना प्राकृतिक तथा जैविक पदार्थहरुको प्रयोगवाट गरिने खेती सम्झनु पर्दछ ।

(च) **नगरपालिका** भननाले माडी नगरपालिका सम्झनु पर्दछ ।

(छ) **शाखा** भन्नाले माडी नगरपालिकाको कृषि शाखा सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

(क) उन्नत प्राङ्गारिक प्रबिधिको प्रयोगबाट कृषि बालीहरुको क्षेत्रफल बिस्तार बृद्धि गर्ने ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, चितवन
बागमती प्रदेश, नेपाल

(ख) प्राङ्गारिक खेतीमा आत्मनिर्भरता बढाई आयत प्रतिस्थापना गर्ने ।

(ग) स्वस्थ कृषि उत्पादन तथा जीवनशैली प्रवर्द्धन गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकृया

**४. कार्यक्रम सञ्चालन प्रकृया :** यस कार्यक्रमको सञ्चालन प्रकृया देहाय अनुसार हुनेछ ।

(१) यस कार्यक्रममा नगरपालिकामा बिधिवत रुपमा दर्ता भई क्रियाशिल रहेको कृषि फर्म तथा कृषक समुहहरुले ब्यबसायिक प्राङ्गारिक खेतीका लागी प्रस्ताब पेश गर्न सक्नेछन ।

(२) कार्यक्रम संञ्चालनको प्रमुख जिम्मेवारी कृषि शाखाको रहनेछ ।

**५.सूचना प्रकाशन तथा प्रस्ताब संकलन :**

(१) **सूचना प्रकाशन :** कृषि शाखाले कार्यक्रम संञ्चालनका लागी कृषि फर्म तथा कृषि समुहहरुलाई ब्यबसायिक प्राङ्गारिक खेतीको लागी अनुसुची १ बमोजिम प्रस्ताब आव्हानको बढीमा ३० दिने सूचना प्रकाशन गर्ने छ ।

(२) सूचना प्रकाशन भए पश्चात इच्छुक कृषि फर्म तथा कृषि समूहहरुले तोकिएको समय भित्र अनुसुची २ बमोजिमको आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु र अनुसुची ३ बमोजिम प्रस्ताब संलग्न राखी कृषि शाखामा आवेदन दर्ता गर्नु पर्नेछ ।

**६. प्रस्ताब छनोट तथा मुल्याङ्कन समिति :**

(१) तोकिएको समय सिमा भित्र बिधिवत रुपमा प्राप्त प्रस्ताबहरुको अनुगमन तथा मुल्याङकनका लागि तपसिल बमोजिमको प्रस्ताब छनोट तथा मुल्याङकन समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत : संयोजक
ख. कृषि तथा सहकारी समिति संयोजक : सदस्य
ग. प्राविधिक शाखा प्रमुख : सदस्य
घ. पशुपन्छी तथा मत्स्य बिकास शाखा प्रमुख : सदस्य
ङ. कृषि शाखा प्रमुख : सदस्य सचिव

**७. प्रस्ताब मुल्याङ्कन छनोट र सम्झौता :**

(१) प्रचलित कानुन बमोजिम रितपुर्वक दर्ता भएका प्रस्ताबहरु दफा ६ उपदफा १ बमोजिमको प्रस्ताब छनोट तथा मुल्याङ्कन समिति मार्फत मुल्याङ्कन प्रकृया अगाडी बढाइने छ ।

(२) उपदफा १ बमोजिम प्रस्ताबको प्रारम्भिक मुल्याङ्कन गर्दा अनुसुची २ अनुसारको आवेदन तथा संलग्न कागजातहरु भएका प्रस्ताबहरु मात्र स्थलगत निरिक्षण र थप मुल्याङ्कन का लागि योग्य हुनेछन ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(३) समितिले आबश्यकता अनुसार अनुसुची ४ मा तोकिएको मुल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि थप मुल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ ।

(४) पुर्ब छनोटमा सफल प्रस्ताबहरुको अनुसुची ४ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरि मुल्याङ्कन गर्नुपर्नेछ ।

(५) अनुगमनको कममा प्रस्ताबमा पेश गरिएको बिवरण झुटो ठहरिएमा, प्राबिधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्युनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरि बाँकी प्रस्तावहरुको मुल्याङ्कन प्रकिया अगाडी बढाइनेछ ।

(६) स्वीकृत कार्यकम तथा बजेटको परिधि भित्र रहि अनुसुचि ४ बमोजिम मुल्याङ्कनमा सबै भन्दा बढि अंक प्राप्त गर्ने प्रस्ताबहरु कार्यकम संचालनका लागी छनोट गरिनेछ ।

## ८. संञ्चालन हुने मुख्य -मुख्य कियाकलापहरु :

(१) ब्यबसायिक प्राङ्गारिक खेती प्रवर्द्धन कार्यकमका लागी देहाय बमोजिमका कियाकलापहरुमा तोकिए अनुसार सेवा उपलब्ध हुनेछ ।

| क.स | कार्यकमको बिबरण | कियाकलाप | सहजिकरण सेवा तथा सुबिधा | कैफियत |
|---|---|---|---|---|
| १ | बिउ/बिरुवा/कल्चर/उत्पादन स्रोत सामाग्री | खरिद | ५० प्रतिशत अनुदान | |
| २ | सिंचाई व्यबस्थापन | साना सिंचाई निर्माण, पाइप तथा सिंचाई व्यबस्थापन | ५० प्रतिशत अनुदान | |
| ३. | कृषि औजार उपकरण खरिद तथा वितरण | साना यन्त्रउपकरण खरिद | ५० प्रतिशत अनुदान | |
| ४. | संरचना निर्माण | टनेल हाउस, ग्रिन हाउस, पोली हाउस, आदी निर्माण | ५० प्रतिशत अनुदान | |
| ५. | तालिम | प्राङ्गारिक खेती प्रविधि तालिमहरु | पूर्णरुपमा नगरपालिकाले व्यहोर्ने गरी सञ्चालन गर्ने | कृषकको साझेदारी नरहने |
| ६. | मल्चिङ प्लास्टीक | मल्चिङ प्लास्टीक खरिद | ५० प्रतिशत अनुदान | |
| ७. | थोपा सिंचाइ | थोपा सिंचाइ सामाग्री खरिद | ५० प्रतिशत अनुदान | |
| ८. | कम्पोस्ट पिट | कम्पोस्ट पिट निर्माण | ५० प्रतिशत अनुदान | |
| ९. | भर्मि कम्पोस्ट | भर्मि कम्पोस्ट संरचना निर्माण तथा गड्यौला खरिद | ५० प्रतिशत अनुदान | |
| १०. | जैविक बिषादी निर्माण | जैविक बिषादी निर्माणमा आवश्यक | ५० प्रतिशत अनुदान | |

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | सामाग्रीहरु निर्माण तथा खरिद | | |

## परिच्छेद -३
## सम्झौता र अनुदान प्रबाह प्रकिया

**९. लागत स्टमेट र सम्झौता :**

१. प्रस्ताब छनोट पश्चात अनुदानग्राहीले प्रस्ताव अनुसार सम्बन्धित बिषयको प्राबिधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत स्टमेट तयार गरि स्वीकृतिको लागी माडी नगरपालिका कृषि शाखामा पेश गर्नुपर्नेछ।

२. स्वीकृत स्टमेटको आधारमा नगरपालिका र अनुदानग्राही बिच अनुसुची ५ बमोजिमको सम्भौता गरिनेछ।

३. अनुदानग्राहीले कार्यकम स्थलमा लागत सहभागिता रकम खुलेको होर्डङ्ग बोर्ड सर्बसाधरणले देख्ने गरि राख्नु पर्नेछ।

४. लागत स्टमेट तयार गर्दा कुल अनुदानको ३% रकम कन्टीजेन्सी स्वरुप राखिनेछ।

**१०.खर्च सम्बन्धि ब्यबस्था :**

१. कार्यकम संञ्चालनको लागी उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यबिधिमा तोकिएबमोजिम हुनेछ।

२.अनुदानग्राहीलाई कामका प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

३. नगरपालिकाले टेण्डर वा कोटेशन मार्फत खरिद गरी बितरण गर्ने सामाग्रीको हकमा कृषकको ५० प्रतिशत साझेदारी रकम कृषकले बिक्रेताको बैंक खातामा रकम जम्मा गरी सक्कल भौचर नगरपालिकामा पेश गरेपश्चात सामाग्री उपलब्ध गराइनेछ।

## परिच्छेद -४
## अनुगमन तथा बिबिध

**११.अनुगमन र मुल्याङ्कन :** माडी नगरपालिका कृषि शाखा बाट नियमित अनुगमन हुनेछ।

**१२. बिमा :** ब्यबसायिक प्राङ्गारिक खेतीको सम्भब्यताको आधारमा बिमा गराउनु पर्नेछ।

**१३. प्रचलित कानुन लागु हुने :** कार्यकम कार्यान्वयनको सम्बन्धमा यस कार्यबिधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यबिधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. बाधा अड्काउ फुकाउने (खारेजी एंव संशोधन)**

१. कार्यबिधि कार्यान्वयनका सम्बन्धमा माडी नगरकार्यपालिकाद्धारा आबश्यक निर्णय गर्न सकिनेछ।

२. कार्यबिधि कार्यान्वयनमा बाधा अड्चन आईपरेमा वा बिबाद उत्पन्न भएमा माडी नगरपालिकाको नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

३. कार्यबिधिलाई आबश्यकता अनुसार माडी नगरपालिकाको नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## अनुसुची -१

### (दफा ५ को उपदफा १ सँग सम्बन्धित )

### अनुदानमा प्राङ्गारिक खेती प्रवर्द्धन कार्यकमको प्रस्ताव आव्हान सम्बन्धि सुचना

**सूचना !**

आर्थिक बर्ष ..................को बार्षिक स्विकृत कार्यकम अनुसार कृषि तर्फको ब्यवसायिक प्राङ्गारिक खेती प्रवर्द्धन कार्यकम अन्तर्गत ................................ कार्यक्रम रहेका हुँदा इच्छुक कृषि फर्म तथा कृषक समुहहरुबाट दरखास्त आव्हानका लागी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले .... दिन भित्र अनुसुचि २ बमेजिमका कागजात संलग्न राखि कृषि शाखामा प्रस्ताव बुझाउनु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीका लागी कृषि शाखामा सर्म्पक गर्न अनुरोध छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**अनुसुची २**

**(दफा ५ को उपदफा २ सँग सम्बन्धित)**

**आबेदन फाराम तथा संलग्न गर्नु पर्ने कागजातहरु**

श्री कृषि शाखा,
माडी नगरपालिका, चितवन ।

मेरो कृषि फार्म/कृषक समुह बाट चितवन जिल्ला, माडी नगरपालिका, वडा नं. .......... अन्तर्गत ...................... स्थानमा ब्यबसायिक रुपमा प्राङ्गारिक खेती गर्ने लक्ष्य रहेकोले सोका लागी .............................. कार्यक्रमको लागत अनुमान रु .................. मध्य रु .......... मेरै/हाम्रै संस्थाबाट ब्यहोरी बाँकी रु......................... अनुदान पाउने ब्यबस्थाका लागी तपशिल बमोजिमको कागजात राखि निबेदन पेश गरेको छु /छौं ।

**संलग्न कागजातहरु :**

१. अनुसुचि २ अनुसार को निबेदन

२. अनुसुचि ३ अनुसारको प्रस्ताव

३. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नंम्बर र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

४. कार्यक्रम संञ्चालनको लागी संस्थाको आधिकारिक निर्णय तथा अख्तियारीको माइनटको फोटोकपी

५. अख्तियारी प्राप्त गरेको पत्र र अख्तियारी प्राप्त गरेको ब्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. कार्यक्रम संञ्चालनको लागी आबश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा भए न्यनतम ८ बर्ष करार सम्भौता पत्रको प्रतिलिपि ।

७. वडा कार्यालयको सिफारिस पत्र

८. प्राबिधिक ज्ञान तथा अनुभब भए त्यसको प्रमाणको प्रतिलिपि ।

**निबेदक**

दस्तखत

नाम थर :

पद :

सम्पर्क नं. :

कृषि फार्म/कृषक समुहको

नाम

ठेगाना :

छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

## अनुसूची ३

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१. कृषि फार्म/कृषक समुहको नाम :

२. ठेगाना :

३. प्राङ्गारिक खेती हुने जम्मा क्षेत्रफल :

४. बिस्तार हुन सक्ने क्षेत्रफल :

५. परियोजना को उदेश्य :

६. अपेक्षित प्रतिफल :

७.लागत बजेट :

| क.स. | क्रियाकलापको नाम | जम्मा लागत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

८. दिगोपनाको योजना : (कम्तिमा ५ बर्षको कार्य योजना)

प्रस्तावक संस्थाको नाम:

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

## अनुसुची ४

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

### प्रस्ताबको मूल्याङ्कन मापदण्ड

| क.स | मुल्याङ्कन को आधार | मुल्याङ्कन प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | शिर्षक/अंकभार | न्युन | सामान्य | उत्तम |
| १ | क्षेत्रफल र बिस्तारको सम्भाव्यता | ० | ५ | १० |
| २ | भौगोलिक र वातावरणीय उपयुक्तता | ० | ५ | १० |
| ३ | प्राङ्गारिक खेतीका बिषयमा प्राविधिक ज्ञान, सीप र अनुभव | ० | ५ | १० |
| ४ | निरन्तरताको योजना | ० | ५ | १० |
| ५ | प्राङ्गारिक खेतीमा संलग्नताको अवस्था | ० | ५ | १० |
| ६ | बजारिकरणको योजना | ० | ५ | १० |
| | जम्मा | | | |

- यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागी समितिले sub-criteria बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ ।
- प्रस्तावक मुल्याङ्कन प्राबिधिक उप समितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई वाली अनुसार sub-criteria बनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

अनुसुचि ५

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

**सम्झौता पत्र**

आ.ब ………………… बार्षिक स्विकृत कार्यक्रमको आधारमा …………………………… ( प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७७) अनुसार मिति …………………… मा गरिएको प्रस्ताव आव्हानको सुचना अनुसार यस कार्यालयको ………………… को निर्णयले जम्मा लागत रु ………………… (अक्षरुपि …………………………… मात्र) मध्ये कार्यालयबाट रु……………… (अक्षरुपि ………….मात्र) हुने गरि तपशिल अनुसारको प्राङ्गारिक खेती प्रवर्द्धन कार्यकम संञ्चालन गर्न निम्न अनुसारका शर्तहरुमा मञ्जुर गरि यो संझौता गरिएको छ ।

| क.स | कियाकलाप | जम्मा लागत | नगरपालिकाले ब्यहोर्ने | अनुदानग्राहीले ब्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१. यो सम्झौता पत्र माडी नगरपालिका : प्रथम पक्ष र सम्बन्धित……………दोस्रो पक्ष बिच ब्यबसायिक प्राङ्गारिक खेती प्रवर्द्धन कार्यकम संञ्चालन गर्ने कार्यको लागी प्रयोग हुनेछ ।

२. यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. द्रोस्रो पक्षलाई सम्झौता उल्लेख भएबमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गनुपर्ने छ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको सम्पन्नता पश्चात मुल्याङकन गरी अनुदान रकम वा सामाग्री उपलब्ध गराउनु पर्ने छ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई रकम वा सामाग्री भुक्तानी गर्दा सम्बन्धीत प्राबिधिकको मुल्याङ्क तथा स्थलगत अनुगमन समितिको सिफारिस को आधारमा भुक्तानी गरिनेछ । दास्रो पक्षले कार्य गर्दा प्राबिधिक को निर्देशनको आधारमा कार्य गर्नुपर्नेछ ।

६. कार्यसम्पन्नता पश्चात भुक्तानी गर्ने सम्बन्धमा प्राबिधिकबाट मुल्याङ्क गराई बिल सहितको कार्य सम्पन्न प्रतिबेदन फोटो, बैंक भौचर सहितको आवश्यक कागजात तयार गरि दोस्रो पक्षले प्रथम पक्ष सँग अनुरोध गर्नुपर्नेछ ।

प्रथम पक्षको तर्फबाट
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

दोस्रो पक्ष तर्फबाट नाम :
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७४